# कोभिड १९ महामारीमा
# सामाजिक संघ संस्थाहरूको भूमिका
## द्रुत सर्वेक्षण २०७८

**गैरसरकारी संस्था महासंघ नेपाल**

# कोभिड १९ महामारीमा सामाजिक संघ संस्थाहरूको भूमिका

## द्रुत सर्वेक्षण २०७८

गैरसरकारी संस्था महासंघ नेपाल

# विषय सूची


*१. पृष्ठभूमि* ....... १

*२. उद्देश्य* ....... १

*३. सर्वेक्षणको विधि* ....... २

*४. सर्वेक्षणको सीमा* ....... २

*५. सर्वेक्षण परिणाम* ....... २

संस्थाका कार्यसमिति र कर्मचारीमा कोरोना संक्रमण ....... २

मानवअधिकार हनन्का घटना ....... २

कोरोना विरुद्धको अभियानमा सहयोग कार्यक्रम ....... २

सहयोगका प्रकार ....... ३

सचेतना ....... ३

खाद्यान्न, आइसोलेसन र बेड व्यवस्थापनमा सहयोग ....... ३

सुरक्षावास र मनोपरामर्श सेवा ....... ३

संघसंस्थाहरुले भोगेका समस्या र सुझाव ....... ४

*६. समाज कल्याण परिषद्को तथ्यांक* ....... ४

*७. निश्कर्ष* ....... ५

## पृष्ठभूमि

चीनको हुवान प्रान्तबाट शुरु भएको कोरोना भाइरसको संक्रमणले विश्वलाई नै आक्रान्त पारिरहेको छ। सन् २०१९ को डिसेम्बरबाट शुरु भएको भनिएको कोभिड १९ को संक्रमणले सेप्टेम्बर २०२१ को पहिलो हप्तासम्ममा विश्वभर ४६ लाखभन्दा बढीको ज्यान लिइसकेको विश्व स्वास्थ्य संगठनको तथ्यांक छ। तर, द इकोनोमिष्ट प्रत्रिकाले भने मृत्यु हुनेको वास्तविक संख्या १ करोड ५३ लाख रहेको अनुमान गरेको छ।[1] नेपालमा २०७६ माघ ९ गते एक व्यक्तिमा संक्रमण भएसँगै शुरु भएको कोभिड १९ का कारण २०७८ भदौ १५ सम्म १० हजार ७७० जनाको मृत्यु भैसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक छ।

कोभिड १९ को संक्रमण र मृत्यु बढेसँगै देशको स्वास्थ्य, सामाजिक र आर्थिक क्षेत्रमा चुनौतिपूर्ण अवस्थाको सिर्जना भयो। सरकारी क्षेत्रले मात्र यस्तो विषम परिस्थितिको सामना गर्न सक्दैन। यसमा गैरसरकारी सघंसस्थाको पनि उल्लेख्य भूमिका रहन्छ। वास्तवमा, संकटका बेला संघ संस्थाको झन् महत्व हुने गर्छ। यस्तो कठीन र चुनौतीपूर्ण अवस्थामा देशभरी रहेका संघसंस्थाले आफ्नो सहयोगलाई लक्षित समूहसमक्ष कसरी पुऱ्याएका छन् र कति संस्थाले के कसरी सहयोग पुऱ्याए भन्ने विषयको तथ्य र तथ्यांक सबैको चासोको विषय हो। सामाजिक संघसंस्थाको योगदान सम्बन्धमा सामाज कल्याण परिषद्ले आफ्नो प्रणाली अन्तर्गत पनि सूचना तथा तथ्यांक संकलन गरी सार्वजनिक गरेको छ।

सामाजिक संघसंस्थाले पुऱ्याएको योगदानको पूर्ण चित्र तयार पार्न वास्तवमै कठिन छ किनभने यस्ता संस्थाहरुले देशैभरी नै नगद, भौतिक र अन्य स्वयंसेवी ढंगले सहयोग गरेका छन्। तथ्य र तथ्यांकका लागि त्यस्ता संस्थाहरुसम्म पुग्न कठिन पनि छ। तरपनि, गैरसरकारी वा सामाजिक संस्थाहरुको योगदान र भूमिकाबारे गैसस महासंघ नेपालले एक प्रयास गरेको छ जसले केही आंशिक चित्र प्रदान गरेको छ।

कोभिड १९ का कारण समस्यामा परेका व्यक्ति र परिवारलाई प्रत्यक्ष रुपमा गरिएको सहयोगबारे गैसस महासंघले एक सर्वेक्षण गरेको थियो। २०७८ जेठ २७ गतेदेखि असार २८ गतेसम्म नेपालभरका ६४ वटा सामाजिक संघसंस्थाले कोरोना महामारीका बेला विभिन्न कार्यहरु गरेको कुरा एक अनलाइन फाराम भरी जानकारी गराएका छन्। यी संस्थाहरुले खासगरी स्वास्थ्य सुरक्षा सामग्री वितरण, खाद्यान्न वितरण, जनचेतना, मनोविमर्श, आइसोलेसन सेन्टर स्थापना, हेल्प डेस्क सञ्चालन, स्वास्थ्य उपकरण प्रदान, होल्डिङ सेन्टर व्यवस्थापन लगायतका क्षेत्रमा पुऱ्याएको योगदानबारे सोधिएको थियो। साथै, मानव अधिकार र सुशासनको अवस्था सम्बन्धमा ती संस्थाहरुको अनुभवबारे पनि सर्वेक्षण गरिएको थियो।

## उद्देश्य

यस द्रुत सर्वेक्षण तल उल्लेखित उद्देश्यका लागि गरिएको थियो।

- कोभिड १९ महामारीको समयमा सामाजिक संघ संस्थाले गरेको सहयोगको तथ्यांक र सूचना संकलन गरी सामाजिक संघसंस्थाको योगदानको उदाहरण प्रस्तुत गर्न‘।
- गैरसरकारी संस्थाले कुन कुन क्षेत्रमा कसरी सहयोग गरे भन्ने विषयमा जानकारी लिनु।
- कोभिड १९ ले सामाजिक संघसस्थामा पारेका केही प्रभावबारे थाहा पाउनु।
- मानवअधिकार र नागरिक स्वतन्त्रताको अवस्थाबारे संघसंस्थाहरुको अनुभव थाहा पाउनु।
- आगामी कार्यदिशा र भूमिका निधारण गर्न उल्लेखित सूचना तथा तथ्यांकको विश्लेषण गरी उपयोग गर्नु।

[1] https://www.economist.com/graphic-detail/coronavirus-excess-deaths-estimates, visited on 8 September

## सर्वेक्षणको विधि

सामाजिक क्षेत्रको भूमिका तथा योगदानको अभिलेखीकरण गर्न आवश्यक छ भन्ने सुझावहरु र आवश्यकता महसुस भएकोले सर्वप्रथम एक प्रश्नावली तयार गरियो। सामान्यतया संघसंस्थाहरुले गर्दै आएका विभिन्न कार्यहरु र सूचनाको उपयोगिताका आधारमा प्रश्नावलीहरु सकेसम्म सरल र छोटो गरिएको थियो। प्रश्नावलीको मस्यौदा सबै प्रदेशका द्रुत प्रतिकार्य समितिका सदस्यहरु वा गैसस महासंघका प्रदेश तथा जिल्ला समिति सदस्यहरुमाझ प्रस्तुत गरी सुझाव संकलन गरिएको थियो। यसरी तयार प्रश्नावलीलाई गुगल फाराममा तयार गरियो। यसपछि फारामको लिंकलाई व्यापक रुपमा इमेल, सामाजिक सञ्जाल र वेबसाइटबाट वितरण गरिएको थियो। २०७८ जेठ-असार महिनामा भएको यस प्रयासमा ६७ वटा संस्थाहरुले फाराम भरेर सहयोग गरेका थिए। संकलित सूचना तथा तथ्यांकको विश्लेषण र निश्कर्ष निकाल्दै यो संक्षिप्त प्रतिवेदन तयार गरिएको हो।

सबैभन्दा बढी वागमती प्रदेशका २४ वटा संस्थाले, सुदुरपश्चिमका २० वटा संस्थाले र कर्णाली प्रदेशका १२ वटा संस्थाले सर्वेक्षणमा भाग लिएका थिए। यसैगरी, प्रदेश १ का ३ वटा, प्रदेश २ का दुईवटा, तथा गण्डकी र लुम्बिनी प्रदेश प्रत्येकका ३ वटा संस्थाले सर्वेक्षणमा भाग लिएका थिए।

## सर्वेक्षणको सीमा

सामान्यतया सबै प्रदेशका संघसंस्थाहरुले सर्वेक्षण फाराम भरेका छन्। कोभिड १९ को रोकथाम र प्रतिकार्यमा संलग्न संस्थाहरुको संख्या निश्चित रुपमा यस सर्वेक्षणमा भाग लिने संस्थाहरुको तुलनामा कैयौं गुणा बढी छ। त्यसकारण यस सर्वेक्षणको नतिजाले कुनै वृहत रुपमा सामान्यीकरण गर्न सकिने वा संघसंस्थाहरुको संलग्नताको सम्पूर्ण तथ्य तथ्यांक र चित्र प्रस्तुत गर्दैन। यो सर्वेक्षणले केही उदाहरण र सोको आधारमा एक दृश्य प्रदान गर्दछ जसबाट सामाजिक संघसंस्थाहरुको भूमिका र योगदान अनुमान गर्न सकिन्छ।

## सर्वेक्षण परिणाम

***संस्थाका कार्यसमिति र कर्मचारीमा कोरोना संक्रमण***

देशभर कोरोना संक्रमण हुँदा सामाजिक संघ संस्थाका कर्मचारी र कार्यसमिति सदस्यहरु पनि प्रभावित भए। कोरोना संक्रमणको जोखिम मोलेर पनि कोभिड १९ प्रतिकार्यमा जुटेका थिए। कोरोनाबाट देशभरका ६४ वटा संस्थाका २३३ जना संक्रमित भएका थिए।

***मानवअधिकार हनन्का घटना***

कोभिड १९ को समयमा विभिन्न मानवअधिकारहरुको हनन भएको यस अध्ययनका सहभागीहरुले जनाएका छन्। सबैभन्दा धेरै ५९ प्रतिशतले लैंगिक हिंसाको अवस्थामा वृद्धि भएको बताएका छन्। त्यसपछि ५६.३ प्रतिशतले स्वास्थ्य सम्बन्धी अधिकार, शिक्षा सम्बन्धी अधिकार, जनजीविका तथा रोजगारीको अधिकार र बाल अधिकारको उल्लंघन भएको जनाएका छन्। यसैगरी, आधाभन्दा बढी सहभागीले खाद्य सम्बन्धी अधिकार उल्लंघन भएको तथा गरिब, किसान, मजदूर, दलित आदि प्रभावित भएको जनाएका छन्। गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दीर्घ रोगीहरु प्रभावित भएको पनि यस अध्ययनबाट देखिएको छ।

***कोरोना विरुद्धको अभियानमा सहयोग कार्यक्रम***

देशैभरका सामाजिक संघ संस्था कोरोना संक्रमण शुरु भएपछि २०७६ सालको माघ महिनादेखि यससम्बन्धी गतिविधिमा संलग्न भएको देखिएको छ। सामाजिक संघ संस्थाहरुले विभिन्न किसिमले सहयोग गरेका छन्। सबैभन्दा धेरैले समुदायस्तरमा सहयोग गरेका छन्। त्यसपछि गाउँपालिका र नगरपालिकासँग सहयोग र सहकार्य गरेका छन्। स्वास्थ्य संस्थालाई पुऱ्याएको सहयोग पनि उल्लेखनीय छ।

### *सहयोगका प्रकार*

कोभिड १९ महामारीको प्रतिकार्यमा सामाजिक संघसंस्थाहरुले विभिन्न किसिमले सहयोग गर्दै आएका छन् । खाना नपाउनेलाई खानाको व्यवस्थापनदेखि स्वास्थ्य सामग्री वितरणको काम भएको छ । त्यसैगरी कोभिड १९ बाट सिर्जित अवस्थाले निम्त्याएका विभिन्न मानसिक तनाव कम गर्न मनोसामाजिक परामर्शसमेत प्रदान गरिएका छन् । सबैभन्दा धैरै जनचेतनाका कार्यक्रम भएका छन् ।

माथि उल्लेखित कार्यक्रममा ६० वटा संस्थाले सहयोग गरेका छन् ।

### *सचेतना*

सबैभन्दा धेरै ८७.५ प्रतिशत संघसंस्थाले कोभिड १९ बारे जनचेतना कार्यक्रमलाई प्राथमिकतामा पारेको देखिएको छ। कोरोना भाइरस कस्तो हो ? यो कसरी सर्न सक्छ ? यसबाट जोगिन के गर्ने ? मास्कको उचित प्रयोग कसरी गर्ने ? समय समयमा साबुन पानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने विषयमा जनचेतना फैलाउने कार्यक्रम पहिलो प्राथमिकताका परेको छ। देशभरका सामाजिक संस्थाले स्वास्थ्य सुरक्षा सामग्री वितरण, खाद्यान्न वितरण, जनचेतना, मनोविमर्श, आइसोलेसन सेन्टर स्थापना, हेल्प डेस्क सञ्चालन, स्वास्थ्य उपकरण प्रदान, होल्डिङ सेन्टर व्यवस्थापन लगायतका क्षेत्रमा द्रुत गतिमा आफ्नो सेवा सञ्चालन गरेको जनाएका छन् ।

कोभिडको दोस्रो लहरको बेला अक्सिजन अभाव, अस्पताल बेडको अभाव साथै समन्वय र स्रोत साधन परिचालनमा कमजोरी भएको अवस्थामा खबरदारी र अपिल गर्ने कार्य पनि गरिएको थियो ।

### *खाद्यान्न, आइसोलेसन र बेड व्यवस्थापनमा सहयोग*

विभिन्न देशबाट र देशभित्रैका अन्य भागबाट फर्केका व्यक्तिलाई भोजनको व्यवस्था गरिएको थियो । त्यसैगरी कोरोना संक्रमित, असहाय, मजदूर, अन्यलाई भोजन सहयोग गरिएको छ । सबैभन्दा धेरै १९ वटा संस्थाले मजदूरलाई भोजन सहयोग गरेको जनाएका छन् । त्यसैगरी १८ वटा संस्थाले असहायलाई भोजन सहयोग गरेका थिए ।

विभिन्न ४८ वटा संस्थाले कोरोना संक्रमणको समयमा आइसोलेसन र बेड व्यवस्थापनमा सहयोग गरेका थिए । होम आइसोलेनमा बसेका ३०० जनालाई पोषणयुक्त खाद्य सामग्री वितरण गरिएको थियो । २९३ वटा बेड व्यवस्थापन गरिएको थियो । त्यसैगरी ४०० वटा आइसोलेसन किट वितरण गरिएको थियो । होम आइसोलेसनमा बसेकाहरुलाई १४ वटा संस्थाले पोषणयुक्त खानेकुरा, स्यानिटरी किट, पोषणयुक्त खाद्य सामग्रीसहित ४,३१७ किट उपलब्ध गराएका थिए । १० वटा संस्थाले ३०९ वटा अक्सिजन सिलिण्डर उपलब्ध गराएका थिए । संस्थाहरुले र्‍यापिड रेस्पोन्स र सेवा प्रवाहमा सहयोग पुर्‍याउन कर्मचारी तथा स्वयंसेवकहरु खटाएका थिए । ११ वटा संस्थाले हेल्प डेस्क सञ्चालन गरेका थिए ।

विभिन्न संस्थाहरुले गरी करिव १ हजार घरधुरीलाई खाद्यान्न सहयोग गरेको पाइयो । १६० माझीबस्ती, दैनिक ज्यालादारी गरिखाने व्यक्तिहरु, सुत्केरी, गर्भवती, एकल महिला, अपांगता भएका व्यक्ति आदिलाई स्थानीय तह, वडा तथा विपद् व्यवस्थापन समितिहरुसँगको समन्वयमा खाद्यान्न सहयोग गरिएको थियो ।

### *सुरक्षावास र मनोपरामर्श सेवा*

विभिन्न संस्थाले १० वटा जिल्लामा सुरक्षावास सेवा सञ्चालन गरेको बताएका छन् । ११ वटा सुरक्षावास केन्द्रहरुलाई कोभिडको अवस्थामा पनि सेवा प्रदान गर्न सक्ने वातावरण तयार गरी आईसोलेसन सहितको सुरक्षावास सेवा साथै लैंगिक हिंसा प्रभावितहरुलाई पनि सेवा प्रदान गरिएको थियो । लैंगिक हिंसाका घटना संकलन, तथ्यांक व्यवस्थापन र तथ्यगत पैरवी, पाक्षिक रुपमा ध्यानाकर्षण पत्र तयार तथा सार्वजनिकीकरण गर्ने कार्यहरु पनि भएको पाईयो ।

त्यसैगरी दुईवटा हटलाईन सेवा सञ्चालन गरिएका थिए। २३ जना तालिम प्राप्त मनोविमर्शकर्ताहरुद्वारा रिमोट विधिबाट तथा भौतिक रुपमै प्राथमिक मनोवैज्ञानिक सहयोग, मनोविमर्श तथा परामर्श सेवा प्रदान गरिएको थियो। त्यसैगरी कानुनी परामर्श तथा कानुनी सहयोग पनि गरिएको पाइयो।

**सहयोगको कुल मौद्रिक मुल्य**

माथि उल्लेख गरिए अनुसारका विभिन्न शीर्षकमा सहयोगको कुल मौद्रिक मूल्य उल्लेख गर्न अनुरोध गरिएको थियो। सहभागी ६४ वटा संस्थाहरुले कुल रु. ३२,९६,४८,२६८ (रु. बत्तीस करोड छ्यान्नब्बे लाख अठचालीस हजार दुई सय अठ्सठ्ठी) रकम बराबरको सहयोग गरेका वा सो रकम बराबरको स्रोत परिचालन गरेको पाईएको छ।

***संघसंस्थाहरुले भोगेका समस्या र सुझाव***

लकडाउन अर्थात् निषेधाज्ञाका समयमा सामाजिक संघसंस्थाहरुले सहयोग गर्न र परिचालित हुन कठिन थियो। जिल्ला प्रशासन कार्यालयबाट पास लिनुपर्दा समस्या भोग्नु परेको थियो। सरकारले यातायात पास र खोप लगायतमा प्राथकितामा नपारेका यस्ता संस्थाका पदाधिकारी, कर्मचारी र स्वयंसेवकले जोखिम मोलेर सहयोग गर्नका लागि हिंड्नु परेको थियो।

त्यसैगरी सामाजिक संस्थाले स्थानीय तहसँग सहकार्य गरेर अगाडि बढ्दा प्रभावकारी हुने, समन्वय संयन्त्र हुनुपर्ने र सामाजिक संघसंस्थालाई कार्य गर्नका लागि अनुकुल वातावरणको सिर्जना गरिदिनुपर्ने सुझाएका छन्। सर्वसुलभ स्वास्थ्य सेवाको व्यवस्थापनमा जोड दिनुपर्ने, पहिलो खोप लगाएका जेष्ठ नागरिकलाई दोस्रो खोपको लागि छिट्टै पहल गर्ने, पहिलो खोप पनि नलगाएका नागरिकहरुलाई खोपको व्यवस्था गर्न र कोभिडको तेस्रो लहरको सम्भावना रहेकोले पूर्व तयारी गर्न आवश्यक रहेको लगायतका सुझावहरु प्राप्त भएका छन्।

## समाज कल्याण परिषद्को तथ्यांक

गैरसरकारी संघसंस्थाहरुले कोभिड १९ प्रतिकार्यमा गरेको योगदान सम्बन्धी तथ्यांक समाज कल्याण परिषद्को अगुवाई र द्रुत प्रतिकार्य समितिहरु समेतको सहयोगमा संकलन गरिएको थियो। प्रतिवेदन अनुसार प्रतिवेदन गर्ने संस्थाहरुको संख्या र योगदान दुवै उल्लेख्य रुपमा बढी रहेको पाइएको छ। धेरैजसो संस्थाहरुले क्रमशः १) स्वास्थ्य २) खाद्य सुरक्षा, ३) संचार तथा सचेतना, ४) आवास, खानेपानी, सरसफाई ५) शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका छन्। यस्ता संस्थाहरुले विभिन्न १३ प्रकारका सहायता प्रदान गरेका छन्ः

१. व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.ई.)

२. आइसोलेसन किट्स

३. अक्सिमीटर

४. पीसीआर किट

५. अक्सिजन सिलिण्डर

६. अक्सिजन प्लान्ट

७. सुरक्षा, स्वास्थ्य तथा स्वच्छता सामग्री

८. फेस सिल्ड

९. अक्सिजन कन्सन्ट्रेटर


१०. थर्मल गन

११. खाद्य सामग्री

१२. स्यानिटाइजर

१३. एन्टीजेन परीक्षण किट

तलको तथ्यांक तथा प्रस्तुतिबाट यसबारे थप प्रष्ट हुन्छ ।




*स्रोतः आ.व. २०७७/०७८ मा समाज कल्याण परिषद्को वार्षिक प्रगति सारांश*

## निश्कर्ष

देशमा आइपर्ने हरेक प्रकारका प्राकृतिक विपत्ति र महामारीमा गैरसरकारी संस्थाहरु सदैव सहयोग गर्न तत्पर हुँदै आएका छन् । कोभिड १९ महामारीको पहिलो लहरदेखि नै सामाजिक संस्थाहरु सक्रिय रुपमा समुदायमा पुगेर सहयोग गरिरहेका छन् ।

व्यवसाय, रोजगारी र आयआर्जन नहुँदा प्रभावित परिवारलाई सहयोग गर्न तथा स्वास्थ्य सहयोग र पहुँच विस्तार गर्न सामाजिक संस्थाहरु सक्रिय रहे । सरकारले मात्रै सहयोग गरेर नपुग्ने र कतिपय स्थानमा सरकार पुग्न नसक्ने भएकाले सामाजिक संघ संस्थाको सहयोग महत्वपूर्ण रहेको देखिएको छ । स्थानीय र प्रदेश सरकार तथा स्वास्थ्य संस्थासँगको समन्वयमा कार्य गरिएको छ । स्वास्थ्य उपचारका लागि अस्पताल पुऱ्याउने एम्बुलेन्स देखि आइसोलेसन बेड व्यवस्थापन, मनोपरामर्श, खाद्यान्न, तयारी भोजन, अक्सिजन सिलिण्डर, नगद सहयोग आदि प्रकारले सहयोग गर्दै सामाजिक संस्था सक्रिय रहेको पाइएको छ । सचेतना, मागपत्र, दबाव, अपील आदि विधिबाट पनि संस्थाहरुले कार्य गरिरहेको पाइयो ।

सबैभन्दा धेरै ८७.५ प्रतिशत संघसंस्थाले कोभिड १९ बारे जनचेतना कार्यक्रमलाई प्राथमिकतामा पारेको देखिएको छ । सम्भवत खाद्यान्न, रोजगारी, स्वास्थ्य सेवा आदिबाट बञ्चित हुनुपरेका कारण, बालबालिका विद्यालय जान नपाएका कारण, घरका सदस्य सबै घरैमा बस्नुपर्ने बाध्यता आदिका कारण मानवअधिकारको सुरक्षामा गम्भीर असर परेको छ ।

सर्वेक्षणमा ५९ प्रतिशत संघसस्थाले कोभिड महामारीमा लैङ्गिक हिंसाका कारण मानवअधिकार हनन् भएको उल्लेख गरेका छन् । त्यसैगरी समुदायमा सहयोगका लागि सहभागी भएका ५६ प्रतिशत संघसंस्थाले स्वास्थ्य, शिक्षा, रोजगारी, बालबालिकाको अधिकार क्षेत्रमा नराम्रो प्रभाव परेको जनाएका छन् । त्यस्तै ५० प्रतिशत सहभागी संस्थाले कोभिड महामारीले किसान, मजदूर, दलित, महिला, पिछडिएका वर्गको मानव अधिकार हनन् भएको जनाएका छन् । नागरिकले गुणस्तरीय दैनिक उपभोग्य वस्तु पाउन कठिन भएको पनि तथ्यांकमा देखिएको छ ।

## गैरसरकारी संस्था महासंघ नेपाल

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : +९७७-१-४७९१३६८, ४७९२९०८, ४७९५५०८

E-mail : info@ngofederation.org

Website : www.ngofederation.org